नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : १३/२०७५-७६** **मितिः २०७५/०८/१३**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त “क” र “ख” वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र २३/२०७४ मा देहाय बमोजिमको बुँदा ३.थप गरिएको छ ।**

३. **वाणिज्य बैंकहरुले विदेशी ऋणको साँवा व्याज असुली तथा Default ऋणीको ऋण व्यवस्थापक भई एजेन्सी सेवा प्रदान गर्न सक्ने सम्बन्धी व्यवस्था :**

विदेशी लगानीकर्ताहरूले नेपालका विभिन्न उद्योग र परियोजनाहरूमा ऋण लगानी गर्दा त्यस्तो ऋणको साँवा व्याज असुली तथा Default भएका ऋणीहरुको धितो लिलामी सम्मका प्रक्रिया पूरा गर्ने गरी समग्र ऋण व्यवस्थापनको लागि वाणिज्य बैंकहरुले एजेन्टको रुपमा देहायबमोजिम हुने गरी कार्य गर्न सक्नेछन् ।

१. विदेशी मुद्रामा ऋण प्राप्त गर्नु अघि प्रचलित व्यवस्था बमोजिम सम्बन्धित नियामक निकायबाट स्वीकृति लिएको हुनु पर्नेछ ।

२. ऋण भित्र्याउनु पूर्व यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

३. यसरी स्वीकृति माग गर्दा ऋण व्यवस्थापन, Escrow खाता व्यवस्थापन तथा Custodian सम्बन्धी त्रीपक्षीय सम्झौता पनि पेश गर्नु पर्नेछ । यस प्रयोजनको लागि व्यवस्थापक भई कार्य गर्दा लिने जिम्मेवारीहरु र सो वापतको लिने कमिशन तथा शुल्क पनि सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

४. सम्बन्धित विदेशी लगानीकर्ता, विदेशी लगानी भित्र्याउने कम्पनी वा संघ/संस्था र वाणिज्य बैंक समेतले त्रीपक्षीय सम्झौता गरी कुनै एक नेपाली वाणिज्य बैंकले एजेण्टको रुपमा ऋण व्यवस्थापन, Escrow खाता व्यवस्थापन तथा Custodian को रूपमा सेवा दिन सक्नेछन् ।

५. ऋणको ब्याज वा लगानी विक्री वा परियोजना विक्री वा सुरक्षणमा लिएको सम्पत्ति विक्री गरी विदेशी लगानीकर्ताको लागि रकम फिर्ता पठाउनु पर्दा नियमानुसार यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

६. यसरी रकम पठाउनु पर्दा प्रचलित व्यवस्था बमोजिम कर तिरेको हुनु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श